**"मीठे बच्चे– यो सच्चा-सच्चा सत्यको सङ्ग हो माथि चढ्ने। तिमी अहिले सत्य बाबाको सङ्गमाआएका छौ त्यसैले झुटो सङ्गमा कहिल्यै नजाऊ।"**

**प्रश्नः–** तिमी बच्चाहरूको बुद्धि केको आधारमा सदा बेहदमा टिकिरहन्छ?

**उत्तरः–** बुद्धिमा स्वदर्शनचक्र घुमिरहोस्, जुन कुरा ड्रामामा चलिरहेको छ, त्यो सबै निश्चित छ। सेकेन्ड पनि फरक पर्न सक्दैन। विश्वको इतिहास भूगोल दोहोरिनु छ। यो कुरा बुद्धिमा राम्रोसँग बस्यो भने बेहदमा टिक्न सक्छौ। बेहदमा टिक्नको लागि ध्यानमा रहोस्– अब विनाश हुनु छ, हामी फर्केर घर जानु छ, पावन बनेर नै हामी घर जान्छौं।

**ओम् शान्ति।** मीठा-प्यारा रूहानी बच्चाहरूप्रति रूहानी बाबा बसेर सम्झाउनुहुन्छ। जो बेसमझ छन् उनलाई सम्झाउनुहुन्छ। विद्यालयमा शिक्षकले पढाउँछन् किनकि बच्चाहरू बेसमझ हुन्छन्। बच्चाहरू पढाइद्वारा सम्झन्छन्। तिमी बच्चाहरू पनि पढाइबाट सम्झन्छौ। हामीलाई पढाउनेवाला को हुनुहुन्छ! यो त कहिल्यै नभुल। पढाउने वाला टिचर हुनुहुन्छ परम पिता। त्यसैले उहाँको मतमा चल्नु छ। श्रेष्ठ बन्नु छ। श्रेष्ठभन्दा श्रेष्ठ हुन्छन् सूर्यवंशी। हुन त चन्द्रवंशी पनि श्रेष्ठ हुन्छन्। तर यी हुन् सबैभन्दा श्रेष्ठ। तिमी यहाँ आएका छौ श्रेष्ठभन्दा श्रेष्ठ बन्न। तिमी बच्चाहरू जानेका छौ– हामीलाई यस्तो बन्नु छ। यस्तो स्कुल ५ हजार वर्षपछि नै खुल्छ। यहाँ तिमी बुझेर बसेका छौ, यो वास्तवमा सत्यको सङ्ग हो। सत्य हुनुहुन्छ उच्चभन्दा उच्च, उहाँको तिमीलाई सङ्ग मिलेको छ। उहाँ बसेर सत्ययुगको सबैभन्दा श्रेष्ठ देवता बनाउनुहुन्छ अर्थात् फूल बनाउनुहुन्छ। तिमी काँडाबाट फूल बन्दै जान्छौ। कोही तुरुन्तै बन्छन्, कसैलाई समय लाग्छ। बच्चाहरूलाई थाहा छ– यो हो संगमयुग। यो पनि केवल तिमी बच्चाहरूले नै जानेका छौ। निश्चय छ, यो पुरुषोत्तम बन्ने युग हो। पुरुषोत्तम पनि कुनचाहिँ? उच्च भन्दा उच्च आदि सनातन देवी– देवता धर्मका जो महाराजा-महारानी छन्, त्यही बन्नको लागि तिमी यहाँ आएका छौ। तिमी सम्झन्छौ– हामी यहाँ आएका हौं बेहदका बाबाबाट बेहदको सत्ययुगी सुख लिन। हदको जति पनि कुरा छन् ती सबै खतम हुन्छन्। हदका बुवा, हदका भाइ, काका, मामा हदको पाई पैसाको सम्पत्ति आदि जसमा धेरै मोह रहन्छ यो सबै खतम हुनु छ। बाबा सम्झाउनुहुन्छ– यो सम्पत्ति सबै हदको हो। अब तिमीलाई बेहदमा जानु छ। बेहदको सम्पत्ति प्राप्त गर्नेको लागि तिमी यहाँ आएका छौ। अरू त सबै हुन् हदका चीजहरू। शरीर पनि हदको हो। बिरामी हुन्छ, विनाश हुन्छ, अकालमा मृत्यु हुन्छ। आजकल त हेर कै-के बनाइरहन्छन्। विज्ञानले पनि कमाल गरेको छ। मायाको पम्प कति छ। वैज्ञानिकहरूले धेरै हिम्मत गरिरहेका छन्। जोसँग धेरै महल, गाडी आदि छन् उनले सम्झन्छन् अहिले हाम्रो लागि सत्ययुग छ। यो सम्झदैनन् कि सत्ययुगमा एक धर्म हुन्छ। त्यो नयाँ दुनियाँ हो। बाबा भन्नुहुन्छ– बिलकुल बेसमझ छन्। तिमी कति समझदार बन्छौ। माथि चढ्छौ फेरि सिँढी उत्रिन्छौ। सत्ययुगमा तिमी समझदार थियौ फेरि ८४ जन्म लिंदै-लिंदै बेसमझ बन्छौ। फेरि बाबा आएर समझदार बनाउनुहुन्छ, जसलाई पारसबुद्धि भनिन्छ। तिमी जानेका छौ– हामी पारसबुद्धि, धेरै समझदार थियौं। गीत पनि छ नि। बाबा, हजुरले जुन वर्सा दिनुहुन्छ, सारा जमिन, आकाशका हामी मालिक बन्छौं। कसैले पनि हामीबाट छिन्न सक्दैन। कसैको दखल हुन सक्दैन। बाबाले प्रसस्त दिनुहुन्छ। यो भन्दा बढी कसैले झोली भर्न सक्दैन। जब यस्ता बाबा मिल्नु भएको छ, जसलाई आधा कल्प याद गरेका थियौ। दु:खमा स्मरण गर्छन् नि। जब सुख मिल्छ तब स्मरण गर्नुपर्ने आवश्यकता रहँदैन। दु:खमा सबैले स्मरण गर्छन्– हे राम... यस्ता अनेक प्रकारका अक्षर बोल्छन्। सत्ययुगमा यस्तो कुनै पनि अक्षर हुँदैन। तिमी बच्चाहरू यहाँ बाबाको सम्मुख आएका छौ पढ्नको लागि। बाबाको डाइरेक्ट महावाक्य सुन्दछौ। इनडाइरेक्ट ज्ञान बाबाले दिनुहुन्न। ज्ञान प्रत्यक्ष नै मिल्छ। बाबालाई आउनुपर्छ। भन्नुहुन्छ– मीठा-प्यारा बच्चाहरूको पासमा आएको छु। मलाई बोलाउँछौ– 'हे बापदादा!' बाबा पनि जवाफ दिनुहुन्छ– 'ओ बच्चाहरू'! अब मलाई राम्ररी याद गर नभुल। मायाको विघ्न त अनेक प्रकारका आउँछन्। तिम्रो पढाइ छुटाएर तिमीलाई देह-अभिमानमा ल्याउँछ, त्यसैले खबरदार रहनु। यो सच्चा-सच्चा सतसङ्ग हो– माथि चढ्ने। अरू सबै सतसङ्ग आदि हुन् उत्रिनको लागि। सत्यको सङ्ग एक पटक मात्र हुन्छ, झूटको सङ्ग जन्म-जन्मान्तर, अनेक पटक हुन्छ। बाबा बच्चाहरूलाई भन्नुहुन्छ– यो तिम्रो अन्तिम जन्म हो अब त्यहाँ जानु छ जहाँ कुनै अप्राप्त वस्तु हुँदैन। जसको लागि नै तिमी पुरुषार्थ गरिरहेका छौ। यो जो बाबा

भन्नुहुन्छ– यो त तिमी अहिले सुन्छौ, त्यहाँ यो केही पनि थाहा हुँदैन। अब तिमी कहाँ जाँदै छौ? आफ्नो सुखधाममा। सुखधाम तिम्रो नै थियो। तिमी सुखधाममा थियौ, अहिले दु:खधाममा छौ। बाबाले धेरै सरल बाटो बताउनु भएको छ, त्यही याद गर। हाम्रो घर हो शान्तिधाम, त्यहाँबाट हामी स्वर्गमा आउनेछौं। अरू कोही स्वर्गमा आउँदैनन्, सिवाय तिमीहरू। त्यसैले तिमी नै स्मरण गर्छौ। हामी पहिला सुखमा जान्छौ फेरि दु:खमा। कलियुगमा सुखधाम हुँदैन। सुख मिल्दै मिल्दैन। त्यसैले संन्यासीहरू पनि भन्छन्– सुख काग विष्टा समान हो। अहिले बच्चाहरू सम्झन्छन्– बाबा आउनु भएको छ हामीलाई घरमा लैजान। हामी पतितहरूलाई पावन बनाएर लैजानुहुन्छ। पावन बन्छौ यादको यात्राबाट। यात्रामा धेरै तल-माथि हुन्छन्। कोही त बिरामी पनि हुन्छन् फेरि फर्केर आउँछन्। यो पनि यस्तै हो। यो हो रूहानी यात्रा, अन्त मति सौ गति हुन्छ। हामी आफ्नो शान्ति धाममा गइरहेका छौं। छ धेरै सहज। तर मायाले धेरै भुलाउँछ। तिम्रो युद्ध मायासँग छ। बाबा धेरै सहज गरेर सम्झाउनुहुन्छ– हामी अब शान्तिधाममा जान्छौं। बाबालाई नै याद गर्छौं। दैवी गुण धारण गर्छौं। पवित्र बन्छौं। ३-४ कुरा मुख्य छन् जुन बुद्धिमा राख्नुपर्छ। विनाश त हुनु नै छ। ५ हजार वर्ष पहिले पनि हामी गएका थियौं। फेरि पहिला-पहिला हामी नै आउने छौं। गायन पनि छ। राम गयो रावण गयो। जानु त सबैलाई छ शान्तिधाममा। तिमी जो पढ्छौ, त्यस पढाइ अनुसार पद पाउँछौ। तिम्रो लक्ष्य-उद्देश्य सामुन्ने छ। कसैले भन्न सक्छ मलाई साक्षात्कार होस्। यो चित्र (लक्ष्मी-नारायणको) साक्षात्कार नभए के हो त? यो बाहेक अरू कसको साक्षात्कार गर्नु छ? बेहदका बाबाको। अरू त कुनै साक्षात्कार कामको छैन। बाबाको साक्षात्कार चाहन्छन्। बाबा भन्दा मिठो अरू कुनै चीज छैन। बाबा भन्नुहुन्छ– मीठा बच्चाहरू! पहिले आफ्नो साक्षात्कार गरेका छौ? आत्माले भन्छ– बाबाको साक्षात्कार गरुँ। के आफ्नो साक्षात्कार गरेका छौ र? यो त तिमी बच्चाहरूले जानिसकेका छौ। अब समझ मिलेको छ– हामी आत्मा हौं, हाम्रो घर हो शान्तिधाम। त्यहाँबाट हामी आत्माहरू आउछौं पार्ट बजाउन, ड्रामाको प्लान अनुसार। पहिला-पहिला सत्ययुगको सुरुमा हामी आउँछौं। आदि र अन्त्यको यो हो पुरुषोत्तम संगमयुग। यसमा केवल ब्राह्मण नै हुन्छन्, अरू कोही हुँदैनन्। कलियुगमा त अनेकानेक धर्म कुल आदि हुन्छन्। सत्ययुगमा एउटै राज्य हुन्छ। यो त सहज छ नि। यस समय तिमी संगमयुगी ईश्वरीय परिवारका हौ। तिमी न सत्ययुगी हौ, न कलियुगी। यो पनि जानेका छौ– कल्प-कल्प बाबा आएर यस्तो पढाइ पढाउनुहुन्छ। तिमी यहाँ बसेका छौ त्यसैले यही स्मृतिमा आउनुपर्छ। शान्तिधाम, सुखधाम र यो हो दु:खधाम। यस दु:खधामको वैराग्य अथवा संन्यास-बुद्धिबाट हुनुपर्छ। उनीहरू कुनै बुद्धिबाट संन्यास गर्दैनन्। उनीहरू त घरबाट छोडेर संन्यास गर्छन्। तिमीलाई त बाबा कहिल्यै भन्नुहुन्न घरबार छोड। विश्वको सेवा वा आफ्नो सेवा चाहिँ अवश्य गर्नु छ। सेवा त घरमा पनि गर्न सक्छौ। पढ्नको लागि अवश्य आउनुपर्छ। फेरि होसियार भएर अरूलाई पनि आफू समान बनाउनु छ। समय त धेरै कम बाँकी छ। गायन पनि छ– धेरै गयो थोरै रह्यो। दुनियाँका मनुष्य त बिलकुल घोर अन्धकारमा छन्, सम्झन्छन्– अझै ४० हजार वर्ष बाँकी छ। तिमीलाई बाबा सम्झाउनुहुन्छ– प्यारा बच्चाहरू! अब बाँकी थोरै समय छ। तिमीले बेहदमा टिक्नु छ। सारा दुनियाँमा जे कुरा चलिरहेको छ, सबै निश्चित छ। ड्रामा जुम्रा समान चलिरहेको छ। विश्वको इतिहास-भूगोल दोहोरिनु छ। तिनै आएर पढ्नेछन् जो सत्ययुगमा जानेवाला हुन्छन्। कैयौं पटक तिमीले पढेका छौ। तिमी श्रीमत अनुसार आफ्नो स्वर्ग स्थापना गर्छौ। यो पनि जानेका छौ– उँच भन्दा उँच भगवान् पनि आउनुहुन्छ भारतमा। कल्प पहिला पनि आउनु भएको थियो। तिमी भन्नेछौ– कल्प-कल्प यस्ता बाबा आउनुहुन्छ। भन्नुहुन्छ– म कल्प-कल्प यसरी नै स्थापना गर्नेछु। विनाश पनि तिमी देख्छौ। तिम्रो बुद्धिमा सबै बस्दै जान्छ। स्थापना, विनाश र पालनाको कर्तव्य कसरी हुन्छ, तिमीले जानेका छौ। फेरि अरूलाई पनि सम्झाउनुपर्छ। पहिले जान्दैनथ्यौ। बाबालाई जानेपछि बाबाद्वारा तिमी सबै कुरा जानेका छौ। विश्वको इतिहास भूगोल यथार्थ रूपले तिमी जानेका छौ। मनुष्य कसरी तमोप्रधानबाट सतोप्रधान बन्छन्– यो, बाबाले तिमीलाई सम्झाइरहनु भएको छ। तिमीले फेरि अरूलाई सम्झाउनु छ। तिमी बच्चाहरू अहिले पारसबुद्धि बनिरहेका छौ। सत्ययुगमा हुन्छन् नै पारसबुद्धि। यो हो पुरुषोत्तम संगमयुग। यसलाई गीता अध्याय (एपीसोड) भनिन्छ, जब तिमी पत्थरबुद्धिबाट पारसबुद्धि बन्छौ। गीता सुनाउनेवाला त स्वयं भगवान् हुनुहुन्छ। मनुष्यले सुनाउँदैनन्। तिमी आत्माहरूले सुन्दछौ फेरि अरूलाई सुनाउँछौ। यसलाई भनिन्छ रूहानी ज्ञान, जो रूहानी भाइहरूलाई सुनाउँछौ। वृद्धि हुँदै जान्छ। तिमी जानेका छौ– बाबा आएर सूर्यवंशी, चन्द्रवंशी राज्य स्थापना गर्नुहुन्छ। कसद्वारा? ब्रह्मा मुख वंशावली ब्राह्मणकुल भूषणहरूद्वारा। बाबा श्रीमत दिनुहुन्छ। यो बुझ्नुपर्ने कुरा हो। दिलमा नोट गर्नु छ, यो त धेरै सहज छ। यो हो दु:खधाम। अब हामी घर जानु छ। कलियुग पछि हुन्छ सत्ययुग। कुरा त धेरै सानो र सहज छ। ठिकै छ, तिमीले पढेका छैनौ भने पनि कुनै हर्जा छैन। जसले पढ्न जानेका छन् तीबाट फेरि सुन्नुपर्छ। शिवबाबा हुनुहुन्छ सबै आत्माहरूको बाबा अहिले उहाँबाट वर्सा लिनु छ।

बाबामा निश्चय गर्यौ भने स्वर्गको वर्सा मिल्छ। मनमा अजपाजाप चलिरहोस्। शिवबाबाबाट बेहदको सुख, स्वर्गको वर्सा मिलिरहेको छ। त्यसैले शिवबाबालाई अवश्य याद गर्नुपर्छ। सबैलाई हक छ बेहदका बाबाबाट वर्सा लिने। जसरी हदको जन्मसिद्ध अधिकार मिल्छ यो फेरि हो बेहदको। शिवबाबाबाट तिमीलाई सारा विश्वको राज्य मिल्छ। साना– साना बच्चाहरूलाई पनि यो सम्झाउनुपर्छ। हरेक आत्माको हक छ बाबाबाट जन्मसिद्ध अधिकार लिने। कल्प-कल्प लिन्छन् पनि अवश्य। तिमी वर्सा लिन्छौ, जीवन मुक्तिको जसलाई मुक्तिको वर्सा मिल्छ ऊ पनि जीवन मुक्तिमा अवश्य आउँछ। पहिलो जन्म त सुखको नै हुन्छ। तिम्रो यो हो ८४ औं जन्म। यो सारा ज्ञान तिम्रो बुद्धिमा रहनुपर्छ। बेहदका बाबाले हामीलाई पढाउनुहुन्छ– यो नभुल। देहधारीले कहिल्यै ज्ञान दिन सक्दैनन्, उसमा रूहानी ज्ञान हुँदैन। तिमीलाई सम्झाइन्छ– भाइ-भाइ सम्झ। जति पनि मनुष्य छन्, कसैलाई पनि यो शिक्षा मिल्न सक्दैन। सुनाउन त गीता पनि सुनाउँछन्। भगवानुवाच– काम महाशत्रु हो, यसमाथि विजय प्राप्त गर्नाले तिमी जगतजित बन्छौ। तर बुझ्दैनन्। भगवान् त हुनुहुन्छ नै सत्य। देवताहरूले पनि भगवान्बाट सत्य सिकेका हुन्। कृष्णले पनि यो पद कहाँबाट पाए? लक्ष्मी-नारायण कहाँबाट बने? के कर्म गरे? कसैले बताउन सक्छ? अहिले तिमीले नै जानेका छौ– निराकार बाबाले उनलाई यस्तो कर्म सिकाउनुभयो, ब्रह्मा बाबाद्वारा। यो सृष्टि हो नि। अहिले तिमी हौ प्रजापिता ब्रह्माकुमार ब्रह्माकुमारी। तिम्रो पासमा ज्ञान छ रूहानी बाबाको। तिमी सम्झन्छौ– हामीले भगवानलाई जानिसकेका छौं। उच्चभन्दा उच्च उहाँ निराकार हुनुहुन्छ। उहाँको साकार रूप छैन। बाँकी अरू जसलाई देख्छौ ती साकारी छन्। मन्दिरमा पनि लिङ्ग देख्छौ अर्थात् उनको शरीर छैन। यस्तो होइन, उहाँ नाम– रूपबाट अलग हुनुहुन्छ। हो अरू सबै देहधारीहरूको नाम राखिन्छ, जन्म-पत्री हुन्छ। शिवबाबा त हुनुहुन्छ निराकार। उहाँको जन्म-पत्री छैन। कृष्णको छ नम्बरवन। शिवजयन्ती पनि मनाउँछन्। शिवबाबा हुनुहुन्छ निराकार कल्याणकारी। बाबा आउनुहुन्छ, त्यसैले अवश्य वर्सा दिनुहुन्छ। उहाँको नाम शिव हो। उहाँ बाबा, शिक्षक, सतगुरु तीनै एक हुनुहुन्छ। कति राम्ररी पढाउनुहुन्छ। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते, रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**धारणाको लागि मुख्य सारः–**

१) यस दुःखधामलाई बुद्धिबाट संन्यास गरेर शान्तिधाम र सुखधाम स्मृतिमा राख्नु छ। सबैलाई रूहानी ज्ञान सुनाउनु छ।

२) आफ्नो सत्ययुगी जन्मसिद्ध अधिकार लिनको लगि एक बाबामा पूरा निश्चय राख्नु छ। मनमा अजपाजाप गरिरहनु छ। पढाइ सधैं अवश्य पढ्नु पर्छ।

**वरदानः–** साइलेन्सको शक्तिद्वारा आत्म-शक्तिको उडान तीव्रगति गर्ने विश्व परिवर्तक भव

विज्ञानका साधनहरूको गतिलाई साइन्सद्वारा काट्न पनि सक्छन्, समात्न पनि सक्छन् तर आत्माको गतिलाई अहिलेसम्म न कसैले समात्न सकेको छ, न समात्न सक्छ, यसमा साइन्सले आफूलाई असफल सम्झन्छ। जहाँ साइन्स असफल हुन्छ त्यहाँ साइलेन्सको शक्तिले जे चाहन्छौ त्यो गर्न सक्छौ। त्यसैले आत्मशक्तिको उडान तीव्र गतिले भर, यस शक्तिद्वारा स्व परिवर्तन, चाहे कसैको वृत्तिको परिवर्तन, वायुमण्डलको परिवर्तन गरेर विश्व परिवर्तक बन्न सक्छौ। तीव्रताको निशानी हो सोच्यो अनि भयो।

**स्लोगनः–** शिक्षा दाताको साथ-साथै रहमदिल बनेर सहयोगी बन।